








# २९औं वार्षिक साधारणसभा

## वार्षिक प्रगति प्रतिवेदन २०७९/८०

## ANNUAL REPORT 2022/23

Client Protection Certified
the smart campaign
Awarded April 2021

# किसान बहुउद्देशीय सहकारी संस्था लि.

KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD

2052 kisan-coop किसान-कोप

समृद्धिका लागि समुदाय संग सँगै

## सञ्चालक समिति



सुरेन्द्र कुमार शाह
(अध्यक्ष)



टिकेन्द्र बहादुर थापा
(उपाध्यक्ष)



लोकराज तिमिल्सैना
(सचिव)



मयाराम धमाला
(कोषाध्यक्ष)



दिनेश कुमार चलाउने
(सह-सचिव)



जयरुप बुढा
(सदस्य)



शिव बहादुर स्वाँर
(सदस्य)



पतिराम चौधरी
(सदस्य)



मनिराम न्यौपाने
(सदस्य)



सरोज कुमार शाह
(सदस्य)



चन्द्रा सिंह
(सदस्य)

## सल्लाहकार समिति



उदयराम खनाल
(संयोजक)



कमल राज जोशी
(सदस्य)



राज कुमार हमाल
(सदस्य)

## लेखा सुपरीवेक्षण समिति



नृप बहादुर कुँवर
(संयोजक)



तर्क बहादुर थापा
(सदस्य)



मान सिंह भुल
(सदस्य)



डम्बर बहादुर शाह
(महाप्रबन्धक)

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

केन्द्रीय कार्यालय- लम्की, कैलाली

## २९ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना।

यस संस्थाको सञ्चालक समितिको मिति २०८० मंसिर १८ गतेका दिन बसेको बैठकको निर्णय अनुसार यस संस्थाको २९ औं वार्षिक साधारणसभा सहकारी संस्थाको साधारणसभा सम्बन्धि कार्यव्यवस्था निर्देशिका २०७६ र यस संस्थाको विनियम बमोजिम कार्यक्षेत्रमा एकाई भेला गरि पुस २७ गते अन्तिमसभा केन्द्रीय कार्यालय लम्की, कैलालीमा हुने व्यहोरा सम्पूर्ण शेयर सदस्य महानुभावहरूमा जानकारी गराईन्छ । साधारणसभामा भौतिक रूपमा उपस्थित हुन नसक्ने शेयर सदस्यहरूका लागि सम्बन्धित शाखा कार्यालय तथा ईमेल info@kisancoop. com मार्फत सुझाव संकलन गर्ने व्यवस्था मिलाईएकोले आवश्यक सुझाव प्रदान गरिदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

२९ औं साधारणसभामा सञ्चालक समितिको तर्फबाट पेश भएका प्रस्ताव एवं साधारणसभाको कार्यसूची देहाय बमोजिम रहेको छ ।

**साधारणसभाको कार्यसूची :**

१. गत (२८ औं) साधारण सभाका निर्णयहरू बारे जानकारी गराउने ।
२. सञ्चालक समितिको प्रतिवेदन स्वीकृतार्थ पेश गर्ने ।
३. आ.व. २०७९/०८० को आय-व्यय,नाफा-नोक्सान तथा वासलात स्वीकृतार्थ पेश गर्ने ।
४. लेखा सुपरिवेक्षण समिति तथा लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।
५. सञ्चालक समितिबाट स्वीकृति भई अनुमोदन गराउनुपर्ने विषयहरू सम्बन्धमा ।
६. लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७. आ.व. २०८०/०८१ को वार्षिक निति तथा कार्यक्रम तथा प्रस्तावित वार्षिक बजेट सम्बन्धमा ।
८. नियमनकारी निकायको निर्देशनको जानकारी सम्बन्धमा ।
९. शेयर लाभांश बाँडफाँड सम्बन्धमा ।
१०. विनियम संसोधन तथा नियमावली, कार्यविधिहरू थप एवं संशोधन सम्बन्धमा ।
११. मर्जर तथा कार्यक्षेत्र एवं सेवा केन्द्र विस्तार सम्बन्धमा ।
१२. अन्य आवश्यक विषयहरू सम्बन्धमा । (प्राप्त सुझावहरू माथि छलफल)
१३. सञ्चालक समिती/लेखा सुपरिवेक्षण समिति/जिल्ला प्रतिनीधिको निर्वाचन सम्बन्धमा ।

नोट :

१. एकाई भेला हुनु भन्दा कम्तीमा ७ दिन अगावै सार्वजनिक सूचना जारी गरी एकाई भेला सम्बन्धि विस्तृत जानकारी दिईनेछ ।
२. साधारणसभा/एकाई भेलामा सहभागीहुनका लागि शेयर-सदस्य परिचयपत्र सहित उपस्थित हुनुपर्ने छ ।

लोकराज तिमिल्सेना
सचिव

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की, कैलाली

## २९ औं वार्षिक साधारण सभामा अध्यक्ष ज्यूको मन्तव्य

**आदरणीय शेयरसदस्य  महानुभाव ज्यूहरू,**



२९ औं वार्षिक साधारणसभामा पाल्नु भएका प्रमुख अतिथीज्यू, विशेष अतिथीज्यूहरू, अतिथीज्यूहरू, नियमनकारी निकायबाट पाल्नुभएका प्रतिनिधीज्यूहरू, समाजसेवी, बुद्धिजिवी तथा पर्यवेक्षकज्यूहरू, सञ्चारकर्मी, सुरक्षाकर्मी महानुभावहरू, उपस्थित सदस्य महानुभावहरूका साथै अन्य सञ्चारका विभिन्न माध्यम मार्फत यस गरीमामय सभालाई सुन्ने तथा हेर्ने सम्पूर्ण महानुभावहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्दछु ।

**सदस्य महानुभावहरु,**

२०५२ सालमा बहुउद्देश्यीय प्रकृतिको सहकारी संस्थाका रूपमा स्थापना भएको यस संस्थाले हाल प्रचलित सहकारी ऐन र नियमावलीमा व्यवस्था भए अनुरूप ३ वटा व्यवसायिक युनिटहरू मार्फत् सेवा दिदै आएको छ । स्थापनाकालमा मलखाद र खाद्यान्नको खरिद बिक्री गर्ने गरेको यस संस्थाले २०५४ सालमा नेपाल राष्ट्र बैंकबाट सिमित बैकिङ्ग कारोबारको स्विकृती पाई बचत तथा ऋण सेवालाई प्रभावकारी रूपमा प्रदान गर्न थाल्यो । पछि गएर नेपाल राष्ट्र बैंकले आफ्नो नियमन दायरा परिमार्जन गरि सहकारी संस्थाहरू स्वनियमनमा रहन सक्ने भन्दै नियमन दायराबाट अलग गऱ्यो । राष्ट्र बैंकको नियमनमा रहि परिपक्व भई सकेका हामी जस्तै अन्य १५ सहकारी संस्थाहरू तत्पश्चात स्व-नियमनमा रही सेवा प्रवाह गर्दै आएका छन् । आज पनि हाम्रो सहकारी संस्थाले वित्तिय सेवा प्रवाहमा राष्ट्र बैंकको नियमनमा रहँदा सिकेका राम्रा अभ्यासहरूको पालना गर्दै आएको छ । जस अनुरूप सञ्चालक समितिका पदाधिकारीहरूले संस्थाबाट कर्जा उपभोग गर्न नपाउँने । संस्थामा कर्जा कारोबार रहेका सदस्य सञ्चालक समितिको कुनै पनि पदका लागि योग्य नरहने । कर्जा सुचना केन्द्रले जारी गर्ने साख सूचनाको विश्लेषण गर्ने लगायतका राम्रा अभ्यासहरूलाई संस्थाले निरन्तरता दिदै आएको छ । फलस्वरूप सहकारी संस्था प्रति जनमानसमा वितृष्णा फैलिरहेका बेला हाम्रो संस्था सबल र मजबुत संस्थाको उदाहरण बन्न सकेको छ । वर्तमान परिस्थितीमा सहकारी संस्था प्रति सर्वसाधारणको वितृष्णा, निराशा र आक्रोश फैलिरहँदा हाम्रो संस्था सबै सहकारी संस्था नराम्रा मात्रै हुदैनन् । थिती र नीतिमा चल्न सके सहकारी संस्थामा विचलन आउँदैन भन्ने सफल उदाहरण भएको छ ।

शेयर सदस्य महानुभावहरू, अब म गत आ.व.को समिक्षा सहित संस्थाका क्रियाकलापहरू बारे सामान्य चर्चा गर्न चाहन्छु । समग्रमा समिक्षा आ.व. नेपाल र नेपालीका लागि खासै राम्रो भएन । आ.व.को शुरूवात सँगै वित्तिय क्षेत्रमा सन्तुलनको अपेक्षा गरिए पनि बैंक ब्याजदर सन्तुलीत नहुनु, घरजग्गा कारोबारमा गिरावट आउनु । पुँजीबजार (शेयर मार्केट) का लगानीकर्ताहरू निरूत्साहित हुनु । देशमा राजनीतिक अन्तरविरोध कायम रहनु । ठुला तथा जघन्य भ्रष्ट्राचारका काण्डहरू आउनु । लघुवित्त तथा सहकारी संस्था विरूद्धको आन्दोलन लगायतका तमाम विषम परिस्थितीका कारण सोचेअनुरूप प्रगती हाँसील गर्न सकिएन । यही समयमा केहि ऋणी सदस्यहरूमा कर्जा तिर्नु हुदैन वा पर्दैन भन्ने बहकाईमा पर्नु भएका कारण कर्जा असुलीमा सामान्य समस्या देखियो । तथापी, केही असल र व्यवसायीक सदस्यहरूबाट नियमित कर्जा भुक्तानी भएका कारण संस्थालाई अपेक्षित उपलब्धी हासिल गर्न समस्या परेन । संस्थाको प्रकृतिका कारण बहुव्यवसाय अनिवार्य रहनु पर्ने कानुनी व्यवस्थालाई आत्मसाथ गर्दै संस्थाले ३ वटा व्यवसायलाई सँग-सँगै अघि बढाउँदै र विस्तार गर्दै आएको छ ।

अब म समिक्षा आ.व.मा व्यवसायगत रूपमा सम्पादन भएका मुख्य मुख्य क्रियाकलापहरूबारे प्रकाश पार्न चाहन्छु ।

**(क) वित्तिय व्यवसाय :**

संस्थाको मुख्य व्यवसायका रूपमा रहेको वित्तिय व्यवसाय हाल ४१ वटा शाखा कार्यालय मार्फत भईरहेको छ । सदस्यलाई आधुनिक वित्तिय सेवा प्रदान गर्न संस्थाले प्रविधिलाई परिष्कृत गर्दै आएको छ । मोबाईल बैकिङ्, एटीएम, क्यू आर भुक्तानी लगायतका सुविधाहरू समयानुकुल परिमार्जित र परिष्कृत गरि पेश गरेका छौं । समिक्षा आ.व. बाट संस्थाको मोबाईल बैकिङ्ग सेवालाई परिष्कृत गरेका छौं । अब संस्थामा बचत खाता रहने सदस्यले अन्य बैंकको खाताबाट यस संस्थामा रहेको बचत खातामा रकम जम्मा गर्न सक्नु हुनेछ । संस्थाले वित्तिय व्यवसायमा २ वटा फरक सफ्टवेयर सञ्चालन गर्दै आएकोमा समिक्षा आ.व.को अन्त्यबाट दुबै सफ्टवेयरलाई एउटै एकिकृत प्रणालीमा आवद्ध गरेका छौं । जसका कारण कारोबारमा सहजता भएको छ । समिक्षा आ.व. र चालु आ.व.मा केहि वित्तिय सेवाहरू थप तथा परिमार्जन गरेका छौ । जस अन्तर्गत खुत्रुके बचत र किसान सरल कर्जा आदि रहेका छन् ।

**(ख) कृषि व्यवसाय :**

"किसान-कोप एग्रो विजनेश" ब्राण्ड नाम राखेर संस्थाले कृषि व्यवसाय सञ्चालन गर्दै आएको छ । यो व्यवसाय संस्थाले गर्ने एकलौटी व्यवसाय मात्रै नभई कृषक सदस्यलाई जोडेर लैजाने व्यवसाय समेत हो । जस अन्तर्गत सदस्यलाई कृषि सम्बन्धि निःशुल्क तालिम तथा परामर्श दिई उहाँहरूको क्षमता अभिवृद्धि गर्ने र उहाँहरूको उत्पादनलाई बजार सम्म पुऱ्याउने समेत हो । हाल संस्थाले यस व्यवसाय अन्तर्गत देहायका कार्य गर्दै आएको छ :

- किसान-कोप एग्रो मार्ट ।
- एकिकृत कृषि फार्म ।
- कोल्ड स्टोर ।
- माटो परिक्षण प्रयोगशाला ।
- कागती तथा फलफुलखेती ।

**(ग) सहकारी पसल :**

"किसान-कोप मार्ट" ब्राण्ड नाम राखेर संस्थाले सहकारी पसलहरू सञ्चालन गर्दै आएको छ । विशेष गरी सदस्यका स्थानिय उत्पादनलाई बजारिकरण गर्न तथा स्थानियलाई सहज रूपमा गुणस्तरयुक्त घरायसी तथा उपभोग्य सामानहरू सरल तथा सर्वसुलभ रूपमा उपलब्ध गराउने उद्देश्यले २०७९ सालमा सञ्चालनमा ल्याएको हो । यस व्यवसाय अन्तर्गत हाल लम्की, सुखड र बौनीयाँ गरी पसलका ३ आउटलेट र लम्कीमा १ वितरण कक्ष रहेको छ । क्रमीक रूपमा संस्थाका सदस्यलाई उत्पादनसँग जोड्दै उत्पादन वृद्धि गर्ने र त्यसपछि मार्ट युनिट माफर्त त्यस्ता उत्पादनहरूको बजारीकरण गरिदिई सदस्यको आय-आर्जनमा सघाउनुका साथै सदस्यलाई उद्यमी बनाउने यसको मुल उद्देश्य रहेको छ ।

**शेयरसदस्य महानुभावज्यूहरु,**

हाल संस्थाले आफूलाई यस क्षेत्रमा नमुना सहकारीको रूपमा स्थापित गर्नुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा परिचित हुन सफल भएको छ । पद्धती, प्रविधि र प्रतिबद्धता हाम्रो संस्थाको मुल गुण हो र यही गुणलाई चिनेर हजारौ सदस्यले हामीसँग हातेमालो गरिरहनु भएकोले हामी निरन्तर अघि बढ्न सफल छौं । हामी सबैको संस्था प्रतिको अगाध स्नेह, अनुशासन र प्रतिबद्धताका कारण नै संस्थाले यो सौभाग्य प्राप्त गरेको हो । तत्कालिन बलिया गाविस कार्यक्षेत्र रहने गरी सञ्चालनमा आएको यो संस्था आज सुदुरपश्चिम प्रदेशका ६ ओटा जिल्ला (कैलाली, कञ्चनपुर, डोटी, डडेल्धुरा, बैतडी र

अछाम) र लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा सेवा केन्द्र मार्फत सेवा प्रवाह गरि रहेको छ । पञ्चबर्षिय रणनीतिक कार्ययोजना बनाई बचत तथा ऋण बाहेकका अन्य व्यवसायामा कारोबार विकेन्द्रीकृत गर्ने र सदस्यलाई ति व्यवसायहरूमा जोड्दै जाने जमर्को गरेका छौं । तसर्थ, निकट भविष्यमै अन्य व्यवसाय समेत सञ्चालन गर्नेबारे अध्ययन र अनुसन्धानको कार्य गरिरहेका छौं । र सो सम्बन्धमा सदस्य महानुभावहरूबाट सुझावको समेत अपेक्षा गर्दछौ ।

**शेयरसदस्य महानुभावज्यूहरु,**

सहकारीको मर्म, सिद्धान्त र अवधारणा भनेकै परिस्थिती जस्तो सुकै होस् एक आपसमा हातेमालो र सहकार्य गर्दै अघि बढ्नु हो । तसर्थ, यो संस्था पनि असहज परिस्थितीको सामना गरिरहेका आफ्ना सदस्यहरूसंग हातेमालो गर्न पछि हट्ने कुरै भएन । हामीले सदस्य सुरक्षणका विश्वव्यापी सिद्धान्तहरूलाई संस्था सञ्चालनको अभिन्न अंगका रूपमा स्थापित गर्न सफल भए पछि अन्तर्राष्ट्रिय निकायले गरेको संस्थाको मुल्याँकनका आधारमा हामी नेपालकै पहिलो स्मार्ट सर्टिफाईड संस्थाका रूपमा परिचित भईसकेका छौं । आगामी दिनमा यो पहिचानलाई जोगाई राख्न सदस्यका सुझाव एवं गुनासाहरू सुन्ने र निराकरण गर्ने, सदस्यलाई अधिक कर्जाभारबाट जोगाउने, पारदर्शी तवरले संस्थाका सेवाबारे सदस्यलाई निरन्तर जानकारी प्रवाह गर्ने, सेवा प्रवाह तथा सेवा निर्माण एवं विविधिकरणमा सदस्यको राय लिने लगायतका परिपाटीहरू स्थापित गरिसकेका छौ ।

समाजमा उद्यमशिलताको सृजना भए मात्रै स्थानिय स्तरमा रोजगारीको अवस्था सृजना हुन्छ । रोजगारीमा बृद्धि भए मात्रै आय तथा उपभोगमा बृद्धि हुन्छ । आय तथा उपभोगमा हुने बृद्धिका कारण व्यक्तिको जीवनस्तरमा बृद्धि भई समग्र समाजको आर्थिक हैसियत सकारात्मक हुन सक्छ । यही मान्यतालाई स्थापित गर्न हामीले "समृद्धिका लागि समुदाय संग-संगै" भन्ने नारा तय गरेका हौं । समृद्धि एकल प्रयासले सम्भव हुने कुरो होईन यसका लागि सबैसंग हातेमालो गर्दै अघि बढ्नु पर्ने हुन्छ । समुदायका सबैसंग हातेमालो गर्ने सबैभन्दा उपयुक्त माध्ययम एवं सरल संजालका रूपमा हामी यस संस्थालाई तपाईका अघि सार्न चाहन्छौं । तपाईको सहज जिवन यापनका लागि किसान सहकारी तपाई संग-संगै हिड्न प्रतिबद्ध छ ।

**आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु ,**

सहकारी सहकार्यको लागि हो । एक्लैले गर्न नसकिने कामहरू सामुहिक प्रयासबाट गर्न सकियोस् भन्ने उद्देश्यले सहकारीको अवधारणा आएको हो । जहाँ सहकार्यको औचित्य रहदैन तहाँ समाज तथा राष्ट्र विचलित हुन पुग्दछ भन्ने हाम्रो मान्यता हो । "समृद्धिका लागि समुदाय संग संगै" भन्ने हाम्रो नारा रहेको छ । यो नाराको औचित्य त्यतीबेला पुष्टीहुन्छ जब समुदायसंगको सहकार्य तथा सामुहिक प्रयासबाट हामी सबल र समृद्ध समाजको निर्माण गर्न सफल हुन्छौं । यो नारालाई सार्थक बनाउन यो संस्था सदैव समुदायसंग सहकार्य गर्न लचिलो हुदै आएको छ र रहने छ ।

यहाँहरूले हाल सम्म अनवरत रूपमा यस संस्थालाई विश्वास गर्नु भएको छ । सबैको विश्वास आर्जन गरेकै कारण हामी जटिल परिस्थितीमा पनि सबल र उत्कृष्ट सेवा दिन सक्षम भएका हौ । हामीले जे गर्‍यौ र अब जे गर्ने छौ त्यसको असर अर्थात् फाईदा, वेफाईदा अथवा अवसर यो समाज अर्थात् तपाई हामी सबैका लागि हो । यहाँहरूलाई अवगत गराउन चाहन्छु हरेक वर्ष संस्थाले नयाँ कर्मचारीहरूलाई भर्ना गर्दै आएको छ जसबाट स्थानीय स्तरमा प्रत्यक्ष रोजगारीमा नियमित बृद्धि भईरहेको छ । तत्काल यस संस्थामा २९१ जना कर्मचारी कार्यरत रहेका छन् ।

**आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु,**

सहकारी ऐन २०७४ को व्यवस्था अनुसार साधारण सभाबाट पारित भए बमोजिम नगद लाभांश वितरण

गर्ने गरिरहेका छौं । यसका अतिरिक्त सहकारी नियमावलीको दफा २५ बमोजिम सदस्यले संस्थासंग गरेको कारोबारका आधारमा संरक्षित पुँजी फिर्ता कोषबाट समेत थप रकम वितरण गर्दै आईरहेका छौं । संरक्षित पुँजी फिर्ता कोषबाट रकम वितरण गर्दा नियमावली अनुसार असल कर्जा कारोबार गर्ने सदस्यलाई मात्र गरिने भएकोले संस्थासंग ऋण कारोबार गर्ने सदस्यहरूलाई कर्जाको भाखा ननघाई असल कारोबार गर्नहुन म आग्रह गर्दछु । संस्थाको वित्तिय स्थिती सुदृढ भईरहेको अवस्थामा केही ऋणी सदस्यहरूले संस्थालाई तिर्नुपर्ने सावा ब्याज समयमा भुक्तानी नगर्दा संस्थालाई ब्यय भार थपिदै गएको छ । जसले गर्दा संस्थाले एक आ. व. मा असुल हुने ब्याजको केही अंशलाई जोखिम कोषमा राख्नु पर्ने अवस्था छ । अतः सम्पूर्ण ऋणी सदस्यहरूलाई म आग्रह गर्न चाहन्छु की संस्थाबाट लिएको कर्जाको समयमा नै नियमित भुक्तानी गरी कर्जाको सही सदुपयोग होस जसबाट संस्था तथा सदस्यहरूलाई उचित प्रतिफल मिलोस् ।

**आदरणीय शेयरसदस्य महानुभावज्यूहरू,**

संस्थाको यो साधारण सभा चुनावी साधारण सभा पनि हो । सहकारीका लागि चुनौतीपूर्ण यस समयमा हामी आगामी ४ वर्षका लागि नयाँ नेतृत्वको चयन गर्न गईरहेका छौ । तसर्थ जिम्मेवार र सचेत मतदाता सदस्यज्यूले सक्षम नेतृत्व चयन गर्नु हुनेछ भन्ने विश्वास लिएको छु । वितेको ४ वर्षमा मेरो नेतृत्वको समितिलाई विभिन्न तवरले सहयोग गर्नुहुने विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ, संस्था, निकायका पदाधिकारी ज्यूहरू, कार्यक्षेत्र विस्तर, शाखा विस्तार एवं व्यवसाय विस्तारका लागि मार्गप्रसस्त गरि दिनु भएकोमा नियमनकारी तथा सरोकारवाला निकायहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । उचित राय र सल्लाह प्रदान गर्नुहुने सल्लाहकार समितिका पदाधिकारी ज्यूहरू, संस्थाको बृहत्तर हितका लागि प्रेरित गर्नुहुने शेयर सदस्य ज्यूहरू, संस्थाका शुभेच्छुक महानुवाहहरू, सन्चालक समितिले तय गरेका निति, नियम र निर्देशनहरूको कुशलता पुर्वक पालना गर्न तथा गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने महाप्रबन्धक तथा उच्च व्यवस्थापनमा रहनु भएका कर्मचारी ज्यूहरू, विभागिय प्रमूख ज्यूहरू । लक्ष्य प्राप्तीका लागि अहोरात्र खटिनु हुने शाखा प्रमूख तथा सम्पूर्ण कर्मचारीहरू पनि धन्यवादका पात्र हनु हुन्छ । साथै, संस्थाको गरिमा र मिशन, भिजनलाइ ध्यानमा राखी साथ, सहयोग र समर्थन गर्नु हुने मेरो नेतृत्वमा रहनु भएका सन्चालक समितिका पदाधिकारी मित्रहरू तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यूहरू प्रति समेत हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**अन्त्यमा,**

संस्थालाई आजको अवस्था सम्म पुऱ्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण शेयर सदस्य ज्यू, पुर्वसंचालक ज्यूहरू, मेरा सहकर्मी सन्चालकज्यू, लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यू, सल्लाहकार समितिका मित्रहरू, कर्मचारी मित्रहरू, संस्थालाई सहयोग गर्ने विभिन्न बैक, वित्तिय संस्था, नियमनकारी निकाय, सरकारी तथा गैरसरकारी संस्था एवं निकाय लगायत सम्पूर्ण शुभेच्छुकहरूलाई उहाँहरूले यस संस्थाको प्रगतिका लागि पुऱ्याउनु भएको महत्वपूर्ण योगदानको लागि हार्दिक धन्यवाद दिदै नयाँ चयन हुने नेतृत्वले संस्थालाई प्रगति पथमा डोऱ्याउन अझ बढी जिम्मेवारीपूर्वक कर्तव्यनिष्ठ भई भूमिका निर्वाह गर्नेछ भन्ने यहाँहरू माझ प्रतिबद्धता व्यक्त गर्दै बिदा हुन चाहन्छु ।

धन्यवाद ,

जय सहकारी । जय किसान ।

सुरेन्द्र कुमार शाह
अध्यक्ष

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

KISAN BAHUUDESHIYA SAHAKARI SANSTHA LTD

समृद्धिका लागि समुदाय संग संगै

| संस्थाको विगत १० बर्षको वित्तिय विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | वर्ष | शाखा | कर्मचारी | शेयर | बचत | ऋण लगानी | मुनाफा |
| १ | २०७१ | १० | ७६ | ३९,८३९,००० | ३००,६२६,३०९ | ५४९,६६२,६१४ | ३१,६३२,६७२ |
| २ | २०७२ | १३ | ८६ | ४९,५७३,६०० | ३८७,६३२,५५६ | ८४४,९५५,४०४ | ४२,८११,३६६ |
| ३ | २०७३ | १३ | ११० | ६०,३७६,४०० | ५८३,८८३,५८६ | १,१०४,३९७,६४४ | ५६,३९८,२०५ |
| ४ | २०७४ | २१ | १४८ | ६९,४९१,५०० | ८१४,१४५,४०१ | १,४८२,१३८,३३७ | ६९,८६८,४५४ |
| ५ | २०७५ | २१ | १५७ | ८४,८९२,४०० | १,१५९,१२४,७०० | १,८८०,१२१,२७७ | ७३,५५१,९८३ |
| ६ | २०७६ | २१ | १६५ | १०४,६७९,४०५ | १,५०२,२०५,९८४ | २,४९८,८८१,२२५ | ८०,१९३,७७८ |
| ७ | २०७७ | २१ | १७८ | १२३,९४३,६२५ | १,९५३,४२३,००९ | २,६७९,१५७,१८७ | ८८,३०९,८५७ |
| ८ | २०७८ | २७ | १९४ | १८९,०१७,६०० | २,५१४,६७८,०२० | ३,३६५,७५३,४८८ | १५९,८५५,०९४ |
| ९ | २०७९ | ४१ | २८६ | ३१२,४५२,३०० | २,८७८,२५८,४९४ | ४,२२१,९५६,४६८ | १२१,३५२,७४१ |
| १० | २०८० | ४१ | २९१ | ३९९,८२३,२०० | ३,२२७,५०३,६५९ | ४,१२४,०१३,४९० | १४०,७४१,१०० |



# किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

लम्की, कैलाली

## लेखा सुपरिवेक्षण समितिको तर्फबाट प्रस्तुत आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन

यस किसान बहुउद्देश्यीय सहकारी संस्था लि. कैलालीको २९ औं वार्षिक साधारण सभा कार्यक्रमका आदरणीय सभाध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि ज्यूहरू, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, शेयर धनी महानुभावहरू, संस्थाको वर्तमान तथा पुर्व सञ्चालक समिति,सल्लाहकार समिति एवम् लेखा सुपरिवेक्षण समितिका पदाधिकारी ज्यूहरू, संस्थाका महाप्रबन्धक एवम् सम्पुर्ण कर्मचारी तथा पत्रकार मित्रहरू र उपस्थित सबैमा सहकारी अभिवादन ।

आफ्नो कार्य व्यस्तताका बावजुत पनि हाम्रो निमन्त्रणालाई स्विकार गरि यस कार्यक्रममा उपस्थित हुनु भएका सम्पुर्ण अतिथि महानुभावहरूलाई संस्थाको लेखा सुपरिवेक्षण समितिको तर्फबाट हार्दिक स्वागत तथा आभार प्रकट गर्न चाहन्छौं । सहकारी ऐन २०७४ मा व्यवस्था गरिएको लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकारको अधिनमा रहि आ.व २०७९/०८० मा संस्थाका गतिविधिहरूको निर्धारित समयमा नियमित रूपमा गरिएको आन्तरिक लेखा परिक्षणको वार्षिक प्रतिवेदन यस गरिमामय सभामा पेश गर्न पाउँदा हर्षित भएका छौं । संस्थाका क्रियाकलापहरूलाई पारदर्शी एवम् विश्वसनिय बनाउदै निर्णयहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गराउन लेखा सुपरिवेक्षण समितिको जिम्मेवारीलाई दायित्त्व बोधका साथ निर्वाह गरि सहकारी मापदण्डले निर्देशित गरेका मार्गनिर्देशनलाई आत्मसाथ गर्दै तयार गरिएको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन यस गरिमामय सभामा पेश गरेका छौं ।

१. **अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था** : मिति २०७९ मंसिर २८ गते सम्पन्न संस्थाको २८ औं वार्षिक साधारण सभाले सञ्चालक समितिको तर्फबाट अध्यक्षद्धारा प्रस्तुत प्रतिवेदन पारित, आ.व.२०७८/०७९ को वार्षिक लेखा परिक्षण पारित, आ.व २०७९/०८०को वार्षिक कार्यक्रम तथा बजेट अनुमोदन, आ.व २०७९/०८० को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्दै सम्पन्न भएकोमा सो स्विकृत वार्षिक बजेटको सिमाभित्र रहि गरिएको छ ।

२. **सञ्चालक समिति र उप समितिहरुको बैठक** : आ.व २०७९/०८० मा सञ्चालक समितिको बैठक १४ पटक, कर्जा उप समितको बैठक ६ पटक, पदपुर्ति उप समितको बैठक ४ पटक, कृषि उप समितिको बैठक २ पटक, लघुवित्त उप समितिको बैठक १ पटक, बजेट उप समितिको बैठक ४ पटक,खरिद उप समितिको बैठक २ पटक, व्यवसायिक समितिको बैठक १ पटक बसी विभिन्न महत्त्वपुर्ण निर्णयहरू गरेको पाईयो । सोहि आ.व मा लेखा सुपरिवेक्षण समितिको बैठक ६ पटक बसी आवश्यक निर्णयहरू गरेको र उक्त नियर्णहरू तथा आन्तरिक लेखा परिक्षण प्रतिवेदन सञ्चालक समितिको बैठकमा प्रस्तुत गरिएको छ ।

३. **ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धि व्यवस्था** : संस्थाले अद्यावधिक ऋण निति तर्जुमा गरी जग्गा तथा मापदण्ड अनुसार बनेको घर उपयुक्त धितोको आधारमा ऋण लगानी गर्ने गरेको पाईयो ।

४. **सहकारी विभागबाट जारी गरिएको मापदण्डहरुको पालना सम्बन्धि संक्षिप्त व्यवस्था** : समय-समयमा सहकारी विभागबाट प्राप्त निर्देशन, मापदण्ड तथा निर्देशिकाहरूको पालना गरिएको पाईएको छ ।

५. **सहकारी विभागले अनुगमन गरी प्रस्तुत गरेको प्रतिवेदन अनुसारका सुझाव तथा निर्देशनहरु कार्यान्वयन सम्बन्धि व्यवस्था** : सहकारी विभागले समय समयमा संस्थाको अनुगमन गरी दिएका आवश्यक सुझाव र निर्देशनहरू कार्यान्वयनको अवस्था सन्तोषजनक छ ।

६. **समितिका पदाधिकारीहरुको पारिश्रमिक, भत्ता तथा अन्य सुविधा सम्बन्धि व्यवस्था** :

क) यस संस्थाका पदाधिकारीहरूले कुनै प्रकारको पारिश्रमिक लिएको पाईएन ।

ख) संस्थाको सञ्चालक समितिका पदाधिकारीहरूले बैठक बसेको समयमा प्रति बैठक रू.५०००/-(अक्षेरूपी पाँच हजार रूपैयाँ) भत्ता र रू ५००/-(अक्षेरूपी पाँच सय रूपैयाँ) यातायात खर्च र लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरूले रू २०००/- (अक्षेरूपी दुई हजार रूपैयाँ) भत्ता र रू २५०/-(अक्षेरूपी दुई सय पचास रूपैयाँ) यातायात खर्च लिने गरेको पाईयो ।

ग) संस्थाको कामले कैलाली, कञ्चनपुर, बाँके र बर्दिया जिल्लाभित्र जाँदा रू २०००/-(अक्षेरूपी दुई हजार रूपैया) भ्रमण भत्ता लिने गरेको पाईयो ।

घ) वैदेशिक भ्रमणमा जाँदा संस्थाको कार्यविधि र नीति अनुसार भत्ता लिने गरेको पाईयो ।

७. **कर्मचारी भर्ना प्रक्रिया र संस्था** :

**प्रक्रिया** : संस्थाले आवश्यक कर्मचारी भर्ना गर्दा खुल्ला विज्ञापन गरी लिखित, मौखिक र प्रयोगात्मक परिक्षाको माध्यमबाट छनौट गर्ने गरेको पाईयो ।

**संस्था** : संस्थामा हाल जम्मा २९१ जना कर्मचारीहरू कार्यरत रहेको पाईयो ।

स्थायीः- १३७ अस्थायीः- ८ करारः- ११६ ज्यालादारीः- ३०

८. **शाखा तथा आउटलेट संख्या** : केन्द्रीय कार्यालय, ईलाका कार्यालय -४, वित्तिय यूनिट तर्फ शाखा कार्यालय - ४१, किसान-कोप मार्ट तर्फ केन्द्र-१ र आउटलेट-३, किसान-कोप एग्रो तर्फ मल बिउबिजन बिक्रि केन्द्र-१, माटो परिक्षण प्रयोगशाला-१, एकिकृत कृषि फर्म-१ र निर्माणधिन कोल्ड स्टोर-१ ओटा रहेका छन् ।

९. **लेखा सुपरिवेक्षण समितिले यस अघि प्रतिवेदनमा पेश गरेका सुझावहरुको कार्यान्वयनको अवस्था** : लेखा सुपरिवेक्षण समितिले समय-समयमा प्रतिवेदन मार्फत दिएका सुझावहरू सञ्चालक समितिको बैठकले नै कार्यान्वयन गर्ने निर्णय र प्रतिवद्धता जाहेर गर्दै आएको कारण कार्यान्वयनको अवस्था सन्तोषजनक छ । सुझावहरूको कार्यान्वयनले केहि अल्पकालिन र दिर्घकालिन सकारात्मक परिमाणहरू पनि आएका छन् ।

अन्तमा वर्तमान सहकारी ऐनमा रहेको व्यवस्था र सहकारीताको सिद्धान्तलाई आत्मसाथ गर्दै संस्थामा वित्तिय अनुशासन र पारदर्शिता कायम राख्न भविष्यमा लेखा सुपरिवेक्षण समितिको कार्यलाई अझ प्रभावकारी बनाउर्दै लैजान विभिन्न व्यक्ति तथा निकायहरूबाट प्राप्त सुझावहरूलाई मनन गर्दै संस्थाको वृहत्तर हितको लागि प्रभावकारी रूपमा आन्तरिक लेखा परिक्षण गर्न आवश्यक कार्य योजना बनाई अगाडी बढ्ने प्रतिबद्धता जाहेर गर्दै आन्तरिक लेखा परिक्षण कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पु¥याउनु हुने सम्पुर्ण महानुभावहरूप्रति हार्दिक आभार व्यक्त गर्दै संस्थाको २९ औं वार्षिक साधारण सभाको पुर्ण सफलताको कामना गर्दछौं ।

| | | |
|---|---|---|
| ........................ | ........................ | ........................ |
| तर्क बहादुर थापा | नृप बहादुर कुँवर | मान सिंह भुल |
| (सदस्य) | (संयोजक) | (सदस्य) |
| लेखा सुपरिवेक्षण समिति | लेखा सुपरिवेक्षण समिति | लेखा सुपरिवेक्षण समिति |

# किसान बहुउद्देश्यीय सहकारी संस्था लि.

लम्की, कैलाली

## महा–प्रबन्धक डम्बर बहादुर शाहद्वारा संस्थाको २९ औं वार्षिक साधारण सभामा प्रस्तुत कार्यक्रम तथा प्रगती प्रतिवेदन



सम्पूर्ण शेयरसदस्य महानुभाव ज्यूहरूमा सहकारी अभिवादन । बितेको २८ वर्षमा थोरै अनुकुल तर धेरै प्रतिकुल वातावरणमा तमाम उतारचढावहरूको सामना गर्दै आज २९ औं साधारणसभा सम्मको यात्रा तय गर्न यो संस्था सफल भएको अवसरमा म सम्पूर्णमा हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्न चाहान्छु । संस्था स्थापनासंगै कर्मचारीका रूपमा यस संस्थामा मेरो संलग्नता रहेका कारण ति उतारचढावहरूबारे म जानकार छु तसर्थ फर्केर हेर्दा गौरब महसुस गर्दछु ।

**शेयरसदस्य महानुभावज्यूहरु**

गएको आर्थिक बर्ष सहकारी क्षेत्रका लागि सकारात्मक बर्षको रूपमा नरहेको यहाँहरू सबैमा विदितै छ । सहकारीका केही सदस्यहरू सहकारीको विरोधमा सडकमा देखिएका छन् । सहकारी संस्थाले बचत फिर्ता नदिएको भन्दै सहकारीका सदस्यहरू केही सहकारी संस्थाका सञ्चालकहरू विरूद्ध नियामक निकायहरू सम्म पनि पुगेका छन् । केही सहकारी संस्थाहरूमा देखिएको वेथिति र विसंगतिका कारण समग्र सहकारी क्षेत्र नै बदनाम हुन पुगेकोछ । सहकारी संस्थाहरूमा भएको विकृति, विसंगतिलाई नियन्त्रण गर्न नियामक निकायहरूका साथै हामी सहकारी संस्थाका सदस्यहरू नै जागरूक हुन आवश्यक छ । नेपाल भरी करिव ३३ हजार जती सहकारी संस्थाहरू छन् । ति मध्ये केहि नमुना र उदाहरणीय काम गरेका सहकारीहरू पनि छन् । प्रतिशतमा हेर्दा ज्यादै कम सँख्यामा मात्र सहकारीहरू धराशायी भएका, भागेका, सञ्चालनमा ल्याउन नसकेका, समस्याग्रस्त भएका घोषणा भएका छन् । तर पनि वर्तमान परिस्थितीले गर्दा समुदाय केन्द्रित, समुदायमुखी भई नमुना र उदाहरणीय काम गरेका सहकारीहरूलाई पनि एउटै डालोमा हेर्ने दृष्टिकोणले आम सहकारी अभियानलाई नै दाग लाग्ने स्थिती सृजना भएको छ । अहिलेको संघीय व्यवस्था अनुसार सहकारी संस्थाको नियमन गर्ने जिम्मा संघ, प्रदेश तथा स्थानीय सरकारहरूमा आएकोछ । नियामक निकायहरू बीच समन्वय गरी सहकारी संस्थाहरूको प्रभावकारी नियमन हुन आवश्यक छ र समयमा नै नियामक निकायहरूले आवश्यक ऐन, कानून निर्माण गर्न र कडाईका साथ कार्यान्वयन गर्न जरूरी छ ।

यस क्षेत्रमा वित्तिय सेवा प्रवाहमा बैंक तथा वित्तिय संस्थाहरूको प्रतिस्पर्धा छ । यस्तो तिब्र प्रतिस्पर्धाका बिच संस्थाले नयाँ–नयाँ कार्यक्रम ल्याएर यस क्षेत्रमा आफ्नो दरिलो उपस्थिती जनाउनुका साथै लोकप्रियता समेत हाँसिल गरि आफ्नो छुट्टै अस्तित्व र पहिचान बनाई सकेको छ । सदस्यहरूलाई केन्द्रमा राखेर योजना बनाई अघि बढिएका कारण यो सम्भव भएको हो । अब यो उपलब्धिलाई संस्थागत गर्दै अझै लामो दुरीको यात्रा तय गर्नुपर्ने जिम्मेवारी तपाई हाम्रै काँधमा छ । यहाँहरूको साथ र समर्थन रहे यो चुनौती पार गर्न अवश्य सकिनेछ भन्ने मेरो विश्वास छ । तसर्थ, आगामी दिनहरूमा दीर्घकालिन योजनाहरूको निर्माण गर्दै नयाँ सोच, कार्यक्रम र आयामका साथ अघि बढाउन यहाँहरूको अमुल्य सुझाव सहितको यो साधारणसभाले दिशानिर्देश गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।

## गत वर्षको सिंहावलोकन तथा चालु वर्षको योजना

आदरणीय शेयर सदस्य महानुभावहरू, अब म यस संस्थाको आ.व. ०७९/०८० को कार्यक्रम तथा प्रगतीलाई प्रस्तुत गर्न चाहान्छु । यस संस्थाले सदस्यहरूबाट शेयर र विभिन्न प्रकृतिका बचत संकलनबाट पूँजी बृद्धि गरी तथा अपुग रकम बाह्य स्रोतबाट ऋण लिई यहाँहरूलाई सरल, सहज र घरदैलो वित्तिय सेवा मार्फत समेत कर्जा प्रदान गर्दै आईरहेको कुरा यहाँहरूमाझ अवगतै छ । संस्थाले सदस्यहरूको आर्थिक उन्नती तथा सहज जिवनयापनका लागि वित्तीय सेवा मात्रै नभई गैर वित्तीय सेवाका रूपमा निशुल्क विभिन्न सिपमुलक तालिम, परामर्श र सचेतनामुलक गतिविधिहरू र सदस्य सुरक्षणका विविध गतिविधिहरू सञ्चालन गर्दै आएको छ । यस्ता गतिविधीबाट सदस्यहरूको आर्थिक र सामाजिक स्तर बढ्दै पनि गएको छ ।

## वित्तीय लक्ष्य तथा प्रगती :

संस्थाको कुल कारोबार आ.व. २०७८/०७९ मा रू ४ अर्ब ७५ करोड ६७ लाख १९ हजार २९४ रूपैया रहेकोमा समिक्षा आ.व. २०७९/०८० कुल कारोबार रू ४ अर्ब ९३ करोड ७८ लाख ४२ हजार ६५७ पुगेको छ । जसको विस्तृत विवरण यसै प्रतिवेदनमा रहेको लेखापरीक्षकको प्रतिवेदन बाट थाहा पाउन सक्नु हुनेछ । समीक्षा आ.व.मा कुल कारोबारमा बृद्धी संगै केहि भाखा नाघेका कर्जाहरूको असुली हुन सकेको कारण लक्ष्य अनुसार सञ्चालन मुनाफा आर्जन गर्न सफल भईयो ।

आ. व २०७९/२०८० का लागि संस्थाले अनुमान गरेको तथा हाँसिल गरेको वास्तविक वित्तिय अवस्था निम्नानुसार रहेको छ :

| क्र. सं. | विवरण | गत वर्षको यथार्त (०७८/७९) | आ.व. २०७९/८० को | | गत भन्दा बृद्धि |
|---|---|---|---|---|---|
| | | | अनुमान | वास्तविक | |
| १. | शेयर पुँजी | ३१,२४,५२,३००/– | ४५,००,००,०००/– | ३९,९८,२३,२०० | ८,७३,७०,९०० |
| २. | निक्षेप | २,८७,८२,५८,४९४/– | ३,८०,००,००,०००/– | ३,२२,७५,०३,६५८ | ३४,९२,४५,१६४ |
| ३. | कर्जा लगानी | ४,२२,१९,५६,४६८/– | ५,४०,००,००,०००/– | ३,९१,३४,५१,४७२ | –३०,८५,०४,९९६ |
| ४. | सञ्चालन मुनाफा | १२,१३,५२,७४१/– | १७,००,००,०००/– | १४,०४,४१,०९९ | १,९०,८८,३५८ |

स्थिती विवरण : आ.व. २०७९/८० सम्म संस्थाको स्थिती विवरण निम्नानुसार रहेको छ ।

| विवरण | २०७९ | २०८० |
|---|---|---|
| सेवा विस्तार जिल्ला | ७ | ७ |
| उप-महानगर/नगरपालिका | १/२४ | १/२४ |
| गाउँपालिका | ८ | ८ |
| शाखा/सेवा केन्द्र | ४१ | ४१ |

## सामाजिक उत्तरदायित्व :

आदरणीय शेयरधनी महानुभावज्यूहरू यो संस्था स्थानिय स्तरमा यहाँहरूकै साथ र समर्थनले जन्मिएको र फस्टाएको संस्था हो । स्थानीय स्तरमा घट्ने स-साना घटना-परिघटना तथा त्यसले पार्ने प्रभावबाट

संस्था समेत अछुतो रहन सक्दैन । स्थानीय स्तरमा सकारात्मक परिवर्तन अथवा आर्थिक समृद्धि भए मात्रै त्यसको केही लाभ संस्थाले पाउन सक्छ भन्ने हाम्रो मान्यता रहेको छ । संस्थाको निरन्तर कारोबार तथा व्यावसायिक आयामहरूमा हुदै गरेको बृद्धिसंगै संस्थाको साख (Credibility) मा समेत उल्लेख्य बृद्धि भएको छ, संस्थाको साख बृद्धिसंगै हाम्रो सदस्य तथा समाज प्रतिको उत्तरदायित्त्व समेत बढेको महसुस गर्दै जन्मदेखि मरणोपरान्त सम्म किसान कोप योजना अन्तर्गत हालसम्म तपसिल अनुसारको सुविधाहरू वितरण गरि सकेको छ ।

| क्र.श | सुविधाका प्रकार | सदस्य संख्या | कुल रकम |
|---|---|---|---|
| १ | सुत्केरी स्याहार खर्च | ७,५२९ | १२,०३८,००० |
| २ | आगलागी राहत | ३२६ | १,०९३,४४० |
| ३ | कर्जा मिनाह सुविधा | १,१०४ | १४१,७३८,२३७ |
| ४ | काजक्रिया खर्च | २,१०७ | २०,५६९,६८९ |
| ५ | छात्रवृति | १६० | ८५०,००० |
| ६ | औषधी उपचार खर्च | १११ | १,६६५,००० |
| ७ | Covid Care सुविधा | २९५ | १,०९५,००० |
| ८ | पहिरो राहत | २७ | ८८,००० |
| ९ | अन्य सामाजिक सुरक्षा | ४९ | २७९,३४९ |
| १० | जिविको पार्जन सापटी | १,४८९ | ४,४६९,००० |
| | **जम्मा** | १३,१९७ | १८,३८,८५,७१५ |

## संस्थागत विकास तथा सुशासनको अवस्था :

वित्तीय संस्थामा सुशासनको अवस्था जति दरिलो भयो संस्था पनि त्यतिकै दरिलो हुन्छ भन्ने मान्यतासंग पुर्ण सहमत भई संस्थागत सुशासन कायम राखिरहेका कारण नै संस्था अन्तर्राष्ट्रिय स्तरको स्मार्ट सर्टिफाईड संस्था भएको छ । सदस्य सुरक्षण सिद्धान्तको अनुपालना गरे बापत नेपालको पहिलो स्मार्ट सर्टिफाईड संस्थाका रूपमा परिचय बनाउन हामी सफल भएका छौं । यो सफलताको पहिलो श्रेय तपाई शेयर सदस्य महानुभावहरूलाई दिन चाहन्छु । यो सफलताका लागि मार्ग प्रशस्त गरिदिने सञ्चालक समिति, प्रतिबद्ध कर्मचारी लगायत म सम्पूर्ण शुभेच्छुक संघ-संस्था एवं महानुभावहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । संस्थामा सुशासनको अवस्थालाई अब्बल बनाउन एवं सदस्य सुरक्षण सिद्धान्तहरूको पूर्ण पालनाका लागि संस्थाले अवलम्बन गरिएका नीति अनुरूप गत आ.व.मा तपसिल बमोजिमका उपलब्धिहरू भएका छन् :

- नियामक निकायले जारी गरेका निर्देशनहरूको पूर्ण पालना गरिएको छ । कोपोमिसमा सदस्यलाई आवद्ध गराउने, सम्पत्ती शुद्धिकरण निवारण प्रयोजनका लागि कारोबार गर्ने सदस्यहरूको वर्गिकरण गरि सम्बन्धित निकायमा जानकारी गराउने लगायतका कार्यहरू निरन्तर भईरहेको छ ।

- आन्तरिक लेखा परिक्षण समिति लगायत अन्य उप-समितिहरूले दिने सुझाव तथा निर्देशनहरू पूर्ण कार्यान्यवन गर्ने प्रक्रियालाई  निरन्तरता दिईएको छ ।
- सुशासनको अवस्था बुझ्न सहज होस भन्ने हेतुले सम्पूर्ण शाखाहरूमा गुनासो पेटीका (Complain Box) प्रयोगमा ल्याई सकेका छौ । सदस्यलाई गुनासो दर्ता गर्न सहज होस भनेर पैसा नलाग्ने फोन टोल फ्रि नम्बरको व्यवस्था गरेका छौं । तपाईका सल्लाह सुझाव र गुनासाहरू हामीलाई सुनाउन कृपया पैसा नलाग्ने फोन नं. १६६०९११७३३३ मा फोन गर्नहुन सम्पूर्ण सदस्य महानुभावहरूलाई सूचीत गर्न चाहन्छु ।
- ग्राहक सुरक्षण सिद्धान्त तथा स्मार्ट सर्टिफिकेसनलाई ध्यानमा राखी नयाँ नीतिहरू लागु गरेका छौ र आगामी दिनमा समेत संस्थागत सुशासनलाई दरिलो बनाई राख्न आवश्यकता अनुसार सञ्चालक समितिबाट थप नीति तर्जुमा गरि लागु गरिने छ ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित बनाई सदस्य सुरक्षणका मामिलामा प्रभावकारी कार्यसम्पादनलाई ध्यानमा दिई सदस्य सुरक्षणका दृष्टिकोणले थप नीतिहरू तर्जुमा गरि लागु गरिएको छ । जसमा सदस्यको सन्तुष्टी स्तर मापनका लागि सदस्य सन्तुष्टी एवं बहिरगमन सर्वेक्षण मापदण्ड, गुनासो निराकरण सम्बन्धि कार्यविधि, कर्जा जोखिम नियन्त्रण मापदण्ड लगायतका कार्यविधिहरू लागु गरिएको छ । केन्द्रिय कार्यालयबाट सदस्यका गुनासोहरूको सुनुवाई गर्न विभिन्न तहहरू निर्धारण गरिएको छ । शाखा प्रमुख, ईलाका प्रमूख, विभागिय प्रमूख, महाप्रबन्धक र सञ्चालक समितिलाई समेत सदस्य गुनासो निराकरणका चरणहरूमा जिम्मेवार बनाईएको छ । त्यसैगरी संस्था सम्म सदस्यहरूका गुनासोको सहज पहुँच स्थापित गर्न गुनासो सुन्ने विभिन्न विधि तथा प्रविधिहरूको समेत विकास गरिएको छ । जस अन्तर्गत गुनासो बाकस, टोल फ्रि नम्बर, सामाजिक सञ्जाल तथा ईमेलबाट समेत सदस्यहरूले गुनासो राख्न सक्नु हुनेछ । सदस्यबाट प्राप्त हुने कुनै पनि प्रकारका उजुरी तथा गुनासाहरूको निरूपण ७ दिन भित्र गरिसक्नु पर्ने समेत विधि स्थापित गरिएको छ । वर्षमा एक पटक सदस्यको जिवनस्तर तथा सन्तुष्टि सर्वे गर्ने योजना रहेको छ । सम्पूर्ण शाखाका कारोबारको अनुगमन, व्यवस्थापन र जिम्मेवारी रहने गरी ९ विभाग सहितको केन्द्रिय कार्यालय स्थापित गरेका छौ । सम्पूर्ण व्यवसाय तथा व्यवसाय मातहतका शाखा/अउटलेटहरूको नियमन ईलाका, विभाग, तोकिएको कर्मचारी व्यवस्थापन टीमको पदाधिकारी लाई जिम्मेवार बनाई सम्पूर्ण गतिविधीको अभिलेखिकरण केन्द्रिय कार्यालयबाट हुने गरेको छ । आगामी दिनमा आवश्यकता अनुसार थप विभाग गठन गरि आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित र चुस्त बनाईने छ ।
- संस्थाले आफ्नो व्यवसायलाई विविधिकरण गर्दै अन्य गैरवित्तिय व्यवसाय किसान-एग्रो विजनेश र किसान-कोप मार्ट सञ्चालनमा ल्याएको छ ।
- संस्था बहुउद्देश्य प्रकृतीको भएकोले विविध व्यवसाय मार्फत समुदायमा रोजगारी सृजना, उद्यमशिलता प्रवर्द्धन र समुदायको आर्थिक रूपान्तरण यस संस्थाको मुल ध्यय हो । संस्थाको कार्यक्षेत्र, सेवाकेन्द्र र सदस्य सञ्जाललाई सहकारीका ३ मुख्य व्यवसायिक युनिट मार्फत उत्पादन, उपभोग र श्रमसँग जोड्न सके स्थानिय अर्थतन्त्रलाई टेवा पुग्नसक्छ भन्ने हाम्रो ठम्याई हो । यस संस्थाका ३ मुख्य व्यवसायीक आयामहरू सहकारी वित्तिय सेवा, कृषि सेवा र मार्ट व्यवसाय सेवालाई सोही नीति

बमोजिम एकिकृत रूपमा परिचालन गर्दै आएका छौं । र यस सम्बन्धमा थप अनुसन्धान जारी छ । संस्थाका यि तिनवटै व्यवसायीक युनिट मार्फत बजारमुखी उत्पादन, गुणस्तरीय उपभोग र आम्दानी योग्य श्रमको प्रवर्द्धन गर्ने हाम्रो सोच हो ।

- ✦ शेयर सदस्य महानुभावहरू बजारमुखी कृषि उत्पादनलाई बजार सम्म पुऱ्याउन एवं त्यस्ता उत्पादनबाट सदस्यको आयवृद्धि गर्न संस्थाले व्यवस्थपन गर्ने गरी सानो आकारको कोल्डस्टोर सञ्चालनमा आई सकेको छ । सदस्यलाई बजारमुखी कृषि उत्पादनबारे जनचेतना दिन एवं सिप सिकाउन सदस्यको घरदैलो सम्म जेटीएहरू पुगी रहेका छन् । त्यती मात्र नभई त्यस्ता उत्पादनहरूको प्रशोधन गरी कार्यक्षेत्र भरीका उपभोक्ता सम्म गुणस्तरीय प्रशोधित खाद्य पदार्थ सुपथ मुल्यमा पुऱ्याउन हामी उत्साहित छौं ।
- ✦ यदी ईमान्दार एवं लगनशील भएर उद्यमशिलता तर्फ अग्रसर हुने हो भने हामी हाम्रा सदस्यको श्रम र सिपलाई खेर जान दिने छैनौ । तसर्थ, म सम्पूर्ण सदस्यहरूलाई कुनै न कुनै स-सानो व्यवसायमा संलग्न भई आय आर्जन तर्फ अग्रसर हुन अनुरोध गर्दछु ।

## आदरणीय शेयरसदस्य महानुभाव ज्यूहरु

संस्थाको लक्ष्य उन्मुख प्रगती संगै यस संस्थाले यस क्षेत्रमा प्रशस्त रोजगारीको अवसर समेत सृजना गरि दिएको छ । हरेक वर्ष संस्थाको परिवार भित्र नयाँ कर्मचारी साथीहरूको प्रवेश भईरहेको यहाँहरूलाई पनि अवगतै छ । साथै कर्मचारी बढ्दै जाँदा नियन्त्रण प्राणाली (Controling System) समेत प्रभावकारी बनाईएको छ । कर्मचारीको बृद्धीसंगै कर्मचारीको सिर्जनशीलता समेत बढाउँदै लैजान संस्थाले विभिन्न आन्तरिक क्रियाकलापहरू गदै आएको छ र आगामी दिनमा समेत त्यस्ता क्रियाकलापलाई बढाउँदै लैजाने छ । संस्थामा कार्यरत कर्मचारीको विवरण निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| महिला कर्मचारी संख्या | १०५ जना |
| पुरूष कर्मचारी संख्या | १८६ जना |
| जम्मा कर्मचारी संख्या | २९१ जना |

## सूचना प्रविधिको प्रयोग :

यस संस्थाले सूचना प्रविधिको क्षेत्रमा 'डिजिटलाईजेसन' लाई उच्च प्राथमिकतामा राखि कागजरहित कारोबारलाई प्रोत्साहित गरिरहेको छ । नमुना ट्याब्लेट बैकिङ्, मोबाईल बैकिङ्, मिसकल बैकिङ्लाई उदाहरणका रूपमा लिन सकिन्छ । कर्मचारी व्यवस्थापन सम्बन्धि सफ्टवेयर, ई-हाँजिरी तथा मोबाईल एप्लीकेशन समेत सञ्चालनमा ल्याएका छौं । संस्थाका गैर वित्तिय व्यवसायहरू तर्फ समेत कम्प्यूटराईज्ड बिलिङ्को प्रयोग गर्दै आएको छ ।

## तालिम तथा गोष्ठी :

संस्थाले सदस्य तथा कर्मचारीहरूको क्षमता अभिवृद्धीका लागि हरेक वर्ष आवश्यकता अनुसार विभिन्न किसिमका तालिम तथा गोष्ठीहरू आयोजना गर्नुका साथै देश भित्र तथा बाहीर हुने तालिम तथा गोष्ठीहरूमा समेत सहभागीता जनाउँदै आएको छ जसको विवरण निम्नानुसार रहेको छ ।

**(क) सदस्य तालिम :**

| क्र.सं. | तालिमको नाम | तालिम संख्या | सहभागी सदस्य संख्या |
|---|---|---|---|
| १. | सहकारी शिक्षा कार्यक्रम (बनाउ घरमा सानो करेशाबारी आफै उत्पादन गरीखाउ स्वच्छ तरकारी) | ८०० | ५०,००० |
| २ | दुई दिने तरकारी खेती सम्बन्धि तालिम तथा निशुल्क बिउ विजन वितरण तालीम | ५० | ६५०० |
| ३ | च्याउ खेती | ५ | २०० |

**(ख) कर्मचारी तालिम :**

| | | | |
|---|---|---|---|
| १. | आन्तरिक स्रोत परिचालन तथा व्यबस्थापन तालीम | १ | २ |
| २. | UNSW | १ | १ |
| ३. | Credit risk management for co-operative | १ | ३९ |
| ४. | Progress out of poverty Index PPI vartual | १ | २ |
| ५. | Quality control center exxposure | १ | २ |
| ६. | कर चुक्ता /पानमा व्यवसायथ थप सम्बन्धि कार्य | १ | १ |
| ७. | F1 soft Bankers interaction | १ | २ |
| ८. | Eco- village exposure Sindupalchok | १ | २ |
| ९. | Exposure visit Bangladesh | १ | १ |
| १०. | Managing field operation | १ | २ |
| ११. | Self management and positive thought | २ | ७० |
| १२. | Entrepreneurship TOT | १ | २ |
| १३. | कर्जा लगानी तथा असुली व्यबस्थापन तालीम | १ | ४ |
| १४. | वित्तिय क्षेत्रमा समसमाहिक बिषयमा तालीम | १ | ३ |
| १५. | आन्तरिक कार्य क्षमता बृद्धि तालिम | ७ | २५० |

## सदस्यहरुको सुझाव र त्यसको कार्यान्वयन:

यस संस्थाले सदस्यहरूलाई सेवामा पूर्ण सन्तुष्टी दिने सोचका साथ केन्द्र बैठकमा छलफल, केन्द्र प्रमूख गोष्ठीमा छलफल लगायत औपचारिक तथा अनौपचारिक रूपमा सुझावहरू ग्रहण गरि उक्त सुझावहरू उपर आवश्यकता अनुसार कारवाही गर्दै आएको छ । साथै शाखाहरूमा गुनासो बाकस, केन्द्रिय कार्यालय टोल फ्रि नम्बर, सुझाव पुस्तिका मार्फत सुझाव संकलन गर्ने तथा सर्भेक्षण फारम

मार्फत बस्तु तथा सेवाहरूको बारेमा जानकारी हाँसिल गर्ने कार्य गर्दै आएको छ । तसर्थ, म सम्पूर्ण सदस्य तथा सेवाग्राहीमा अनुरोध गर्न चाहान्छु, यदी तपाईका केही गुनासा, सुझाव वा उजुरी भएमा सम्बन्धित शाखाको गुनासो बाकस वा केन्द्रिय कार्यालयमा रहेको पैसा नलाग्ने फोन (टोल फ्रि नम्बर : १६६०९११७३३३) मा फोन गरेर आफ्ना गुनासा वा उजुरी दर्ता गराउनु होला । यसरी दर्ता भएका गुनासा वा उजुरीहरू सम्बन्धित कार्यालय, ईलाका, विभाग वा महा-प्रबन्धकको सचिवालयबाट यथाशिघ्र सम्बोधन गर्ने प्रयत्न गरिनेछ ।

## आगन्तुक संस्थाहरुको विवरण :

पछिल्लो समय संस्थामा भ्रमण गर्न आउने आगन्तुक संस्थाहरूको संख्यामा बृद्धी हुदै गएको छ । आगन्तुक संस्थाका पदाधिकारीहरूले यस संस्थाको केन्द्रिय कार्यालय तथा आवश्यकता अनुसार शाखा कार्यालयको भ्रमण गरि संस्थाबारे आवश्यक जानकारी हाँसिल गरेका छन् । संस्थाले सञ्चालनमा ल्याएका विभिन्न सेवाहरूको जानकारी लिने तथा संस्थाको किसानकोप मार्ट तथा किसानकोप एग्रो लगायतका नविनतम् कार्यहरूको अनुभव संगाल्न अन्य निकायका प्रतिनीधिहरू आउने गर्दछन् । आ.व. (२०७९/०८०) मा यस संस्थामा अध्ययन/अवलोकनका लागि पाल्नुभएका आगन्तुक संस्था तथा निकायहरूको विवरण निम्नानुसार रहेको छ :

| क्र.सं. | आगन्तुक संस्थाको नाम, ठेगाना | सहभागी संख्या | मिति |
|---|---|---|---|
| १. | मदनपोखरा संगम अ (पाल्पा) | २३ | २०७(/०४/११ |
| २. | प्रारम्भ बहुउद्देश्यीय स.संस्था | ५ | २०७९/०४/२० |
| ३. | साना किसान कृषि सहकारी संस्था (नेउलापुर बर्दिया) | ३१ | २०७९/१०/२२ |
| ४. | सहयोगी बचत तथा ऋण सहकारी संस्था (काठमाण्डौ) | १० | २०७९/११/१८ |
| ५. | नेपाल बहुउद्देश्यीय स.संस्था लि.झापा | ३४ | २०७९/१२/१६ |
| ६. | एकिकृत सामाज विकास (डडेल्धुरा) | १२ | २०७९/१२/२७ |
| ७. | पहुंच बहुउद्देश्यीय स.संस्था लि.(तुल्सीपुर दाङ) | ४० | २०७९/१२/२७ |
| ८. | शान्ति दिप महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. (रूपन्देही) | ४७ | २०८०/०१/०४ |
| ९. | ईन्द्रेणी बहुउद्देश्यीय स.संस्था लि.(बुटवल रूपन्देही) | ३७ | २०८०/०१/१३ |
| १०. | मध्यवर्ती सहकारी संस्था (नवलपरासी) | ७१ | २०८०/०२/१० |

**समन्वय/सम्बन्ध विस्तार** : ३० टन क्षमताको शित भण्डार गृह (cold store) निर्माणका लागि कृषि निर्देशनालय (नार्क) दीपायल सँग समन्वय भई संचालनको अन्तीम चरणमा छ । तरकारी खेती विस्तार कार्यक्रमका लागि रानी जमरा कुलरिया सिंचाई आयोजना संग समन्वय भएको छ । लम्कीको बल्चौरमा कागती खेती विस्तारका लागि कृषि ज्ञान केन्द्र कैलाली तथा बल्चौरलाई वातावरण मैत्री गाउँ निमार्णका लागि स्वालम्वन विकास केन्द्रसंग समन्वय भएको छ ।

यसका अतिरिक्त नियमनकारी निकाय सहकारी विभाग लगायत अन्य सरोकारवाला, साल्ट ट्रेडींग, कृषि सामाग्री कम्पनी, नेशनल ट्रेडींग, स्थानिय सरकार तथा अन्य गैरसरकारी निकायहरूसंग नियमित समन्वय गर्दै आएको छ ।

**धन्यबाद ज्ञापन :**

संस्थालाई यस अवस्था सम्म ल्याई पुऱ्याउन सहयोग गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, नेपाल राष्ट्र बैंक, राष्ट्रिय तथा जिल्ला सहकारी संघ, नेपाल बहुउद्देश्यीय सहकारी संघ, स्वावलम्वन विकास केन्द्र (CSD), साझेदार विभिन्न बैंक तथा वित्तीय संस्थाहरू, दातृ निकायहरू, राजनीतिक दल, स्थानीय निकाय, व्यापारी बुद्धिजिवि, पत्रकार मित्रहरू, वर्तमान सञ्चालक समिति तथा पूर्व सञ्चालक समितिका सम्पूर्ण पदाधिकारीहरू, लेखापरीक्षक तथा संस्थाको बृहत्तर विकासका लागि चिन्तित सम्पूर्ण शेयरधनी महानुभावहरू तथा मेरा सहकर्मी कर्मचारी मित्रहरूबाट सदाझैं सहयोग एवम् सुझावको अपेक्षा राख्दै हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दै यो सम्मानित साधारणसभामा आ.व.२०७९/८० को लेखापरिक्षण सहितको यो प्रतिवेदन तथा चालु आ.व. २०८०/८१ का लागि प्रस्तावित बजेट पारित गरिदिनका लागि पेश गर्दै विदा हुन चाहुन्छु ।

धन्यवाद । जय किसान । जय सहकारी ।

डम्बर बहादुर शाह
(महा–प्रबन्धक)

---

# हार्दिक श्रद्धाञ्जली

**आ.व. २०७९/०८० मा विभिन्न समयमा विविध कारणले दिवंगत हुनु भएका यस संस्थाका शेयर सदस्यहरू प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछौं । साथै, दुखद् क्षणमा शोकसन्तप्त हुनुभएका परिवारजन प्रति गहिरो समवेदना व्यक्त गर्दछौ ।**

सुरेन्द्र कुमार शाह
अध्यक्ष
एवं

**किसान बहुउद्देश्यीय सहकारी संस्था लि. परिवार**

K. P. N. & ASSOCIATES
CHARTERED ACCOUNTANTS

GPO Box: 3738
House No. 65, Kumari Marga-6
Dillibazar, Kathmandu, Nepal

## स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन

**शेयरधनि महानुभावहरु**
**किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**लम्की, कैलाली, नेपाल**

### १. लेखापरीक्षकको राय

हामीले किसान बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको यसैसाथ संलग्न वित्तिय विवरणहरु जसमा २०८०/३/३१ (१६ जुलाई २०२३) को वासलात, र सोही मितिमा समाप्त बर्षको नाफा नोक्सान हिसाव, ईक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण, नगद प्रवाह विवरणका साथै प्रमूख लेखा नीति तथा लेखा सम्बन्धि टिप्पणीहरु समावेश छ, को लेखापरीक्षण सम्पन्न गरेका छौं ।

संस्थाको बित्तिय विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाद्वारा जारी गरिएको नेपाल बित्तिय प्रदिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुसार तयार गरिएका छैनन । तसर्थ प्रस्तुत बित्तिय विवरणहरु NFRS अनुसार नभएको हुंदा संस्थाको NFRS अनुसारको बित्तिय स्थितिमा राय दिन सक्ने अवस्थामा छैनौं ।

### २. लेखापरीक्षकको रायका आधारहरु

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान वमोजिम सम्पन्न गर्यौं । नेपाल लेखापरीक्षणमान अनुसार हाम्रा थप जिम्मेवारीहरु तल उल्लेखित लेखापरीक्षकको जिम्मेवारी परिच्छेदमा उल्लेख गरिएका छन । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको आचारसंहिता (ICAN's Handbook of Code of Ethics for Professional Accountants) बमोजिम हामीले लेखापरीक्षकको स्वतन्त्रता र लेखापरीक्षणमा लागु हुने आचारसंहिताको पालना गरेका छौं । हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो लेखापरीक्षणका लागि पर्याप्त छन भन्नेमा हामी बिश्वस्त छौं ।

संस्थाका बित्तिय बिबरणहरु नेपाल बित्तिय प्रदिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुसार तयार गरिएका छैनन र यी बित्तिय बिबरणहरु नेपाल बित्तिय प्रतिवेदन मान अनुसार तयार नगर्नुको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण र ब्यापक हुन सक्दछ ।

### ३. वित्तिय विवरणहरु प्रति व्यवस्थापनको उत्तर दायित्व

नेपाल बित्तिय प्रदिवेदन मानहरु (Nepal Financial Reporting Standards) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार गर्ने तथा प्रस्तुत गर्ने उत्तरदायित्व व्यवस्थापनमा निहित रहेको छ । यि उत्तरदायित्व अर्न्तगत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रूटि रहित, वित्तिय विवरण तयार गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्य, लेखानीतिहरुको छनौट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने पर्दछन् । बित्तिय विवरण तयार गर्दा संस्थाका अवछिन्नताको मुल्याङ्कन, खुलासा र लेखाङ्कन गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको हुन्छ ।

### ४. लेखापरीक्षकको उत्तरदायित्व

लेखापरीक्षणको आधारमा वित्तिय विवरणहरु उपर आफ्नो राय जारी गर्नू हाम्रो उत्तरदायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापरीक्षणमान तथा सान्धर्भिक अभ्यास बमोजिम सम्पन्न गरेका छौं । ती मानहरुले हामीलाई व्यवसायीक नैतिकताको पालना गर्ने तथा वित्तिय विवरणहरु सारभूत रुपमा त्रूटि रहित भएको बारेमा मनासिव आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउदछन् ।



K.P.N. & Associates Kathmandu Chartered Accountants

01-4420903 | info@kpn.com.np | www.kpn.com.np

लेखापरीक्षण अर्न्तगत वित्तिय विवरणमा उल्लेखित रकम र खुलासालाई पुष्टि गर्ने प्रमाण प्राप्त गर्न सम्पन्न गरिने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी वा गल्तीबाट होस्, सारभुत रुपमा त्रुटियुक्त प्रस्तुति हुन सक्ने जोखिमको लेखाजोखा सहित हाम्रो व्यवसायीक निर्णयमा आधारित छ । त्यसरी जोखिमको लेखाजोखा गर्ने क्रममा हामीले संस्थाको आन्तरिक नियन्त्रण उपर नै राय व्यक्त गर्ने उद्देश्यले नभै परिस्थिति अनुसार हाम्रो लेखापरीक्षण कार्यविधि तयार गर्दा, संस्थाले वित्तिय विवरण तयार एवं प्रस्तुति गर्ने क्रममा अवलम्वन गरेका आन्तरिक नियन्त्रण प्रणालीको विश्लेषण गरेका छौं । लेखापरीक्षणमा व्यवस्थापनद्वारा प्रयोगमा ल्याइएका लेखा सिद्वान्तहरु एवं गरिएका महत्वपुर्ण अनुमानहरुको उपयुक्तताको मुल्याङ्कनका साथै समग्र वित्तिय विवरण प्रस्तुतिको लेखाजोखा समेत समावेश हुन्छ ।

लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो रायलाई प्रयाप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

## ५. अन्य कानूनी तथा नियमनकारीको आवश्यकता माथीको प्रतिवेदन

माथि उल्लेखित ब्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीलाई प्राप्त सूचना एवं उपलब्ध स्पष्टिकरणको आधारमा निम्नानुसारको थप प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी कैफियत तलब गरेका कूराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।

ख) संस्थाले हाम्रो रायमा, नेपाल बित्तिय प्रदिवेदन मानहरु (Nepal Financial Reporting Standards) को पालना बाहेक, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहकारी ऐन, २०७४ र सहकारी नियमावलि, २०७५ बमोजिम तयार भएका छन् । प्रस्तूत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब कितावसंग दुरुस्त छन् ।

ग) संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलीत कानुन तथा प्रचलन बमोजिम राखेको छ ।

घ) संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

ङ) हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा सञ्चालक समिति, कूनै सदस्य वा संस्थाका कूनै कर्मचारीले लेखा सम्बन्धि तथा अन्य कानुनी ब्यवस्था विरुद्ध कामकाज गरेको वा हानी नोक्सानी पूऱ्याएको, सहकारी विभागले जारी गरेको निर्देशन पालना नगरेको वा संस्था, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा सूरक्षा विपरित हूने कूनै काम गरेको पाएनौं ।

K. P. N. & Associates Kathmandu Chartered Accountants

..............................
सिए. केशब प्रसाद न्यौपाने
के. पि. एन. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

मिति : २०८०/०६/१४
स्थान : काठमाण्डौं
UDIN: 231005CA00469g910s

# किसान बहूउद्देश्यीय सहकारी संस्था लिमिटेड
## लम्की, कैलाली, नेपाल
## २०८० आषाढ ३१ गतेको
## वासलात

| पुँजी तथा दायित्व | अनुसूची | यस वर्ष रकम (रु.) | गत वर्ष रकम (रू.) |
|---|---|---|---|
| १. शेयर पूंजी | १ | ३९९,८२३,२००.०० | ३१२,४५२,३००.०० |
| २. जगेडा तथा कोषहरु | २ | ५८८,४३४,०४८.०८ | ५०२,४७९,०८९.४१ |
| ३. सापटी | ३ | ५९८,७८६,८३२.८५ | ९४७,४३०,२३४.०६ |
| ४. निक्षेप दायित्व | ४ | ३,२२७,५०३,६५८.८६ | २,८७८,२५८,४९३.७७ |
| ५. अन्य दायित्व तथा व्यवस्था | ५ | १२३,२९४,९१७.४५ | ११६,०९९,१७७.३० |
| **कूल पूंजी तथा दायित्व** | | **४,९३७,८४२,६५७.२४** | **४,७५६,७१९,२९४.५४** |
| **सम्पत्ति** | **अनुसूची** | **यस वर्ष रकम (रु.)** | **गत वर्ष रकम (रू.)** |
| १. नगद तथा बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ६ | ८६४,१२०,६२८.७३ | ५४४,६९२,४८२.१० |
| २. लगानी | ७ | १३,८११,१००.०० | ८,८१३,६००.०० |
| ३. कर्जा तथा सापट | ८ | ३,९१३,४५१,४७२.१९ | ४,०३६,२०९,५१६.३८ |
| ४. स्थिर सम्पत्ति | ९ | ८७,०३१,८५८.८९ | ८८,८६०,९३३.२९ |
| ५. गैर बैंकिङ्ग सम्पत्ति | १० | - | - |
| ६. अन्य सम्पत्ति | ११ | ५९,४२७,५९७.४३ | ७८,१४२,७६२.७७ |
| **कूल सम्पत्ति** | | **४,९३७,८४२,६५७.२४** | **४,७५६,७१९,२९४.५४** |

| | |
|---|---|
| १. सम्भावित दायित्व (Contingent Liabilities) | अनूसुची १२ |
| २. लेखानीतिहरु | अनूसुची २४ |

माथि उल्लेखित अनुसूचीहरु वित्तीय विवरणका अभिन्न अङ्ग हुन् ।

आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

| | | | | |
|---|---|---|---|---|
| सुरेन्द्र कुमार शाह<br>अध्यक्ष | टिकेन्द्र बहादुर थापा<br>उपाध्यक्ष | लोक राज तिमिल्सैना<br>सचिब | मयाराम धमाला<br>कोषाध्यक्ष | सिए. केशब प्रसाद न्यौपाने<br>के. पि. एन. एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स |
| दिनेश कुमार चलाउने<br>सह सचिब | जयरुप बुढा<br>संचालक | शिव बहादुर स्वार<br>संचालक | पतिराम चौधरी<br>संचालक | मनिराम न्यौपाने<br>संचालक |
| सरोज कुमार शाह<br>संचालक | चन्द्रा सिंह<br>संचालक | डम्बर बहादुर शाह<br>महा प्रबन्धक | निरन्जना कुमारी चौधरी<br>लेखा प्रमुख | मिति: २०८०/०६/१४<br>स्थान: लम्की, कैलाली |

# किसान बहूउद्देश्यीय सहकारी संस्था लिमिटेड
## लम्की, कैलाली, नेपाल
### २०८० साल आषाढ मसान्त सम्मको (जूलाई १६, २०२३)
## नाफा र नोक्सान हिसाब

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. ब्याज आम्दानी | १३ | ६४७,०८०,२३४.११ | ६२५,४५४,५१५.४३ |
| २. ब्याज खर्च | १४ | ३३९,३५९,८७१.८८ | २९४,२१५,५१३.०२ |
| **खुद ब्याज आम्दानी** | | **३०७,७२०,३६२.२३** | **३३१,२३९,००२.४१** |
| **३. अन्य सञ्चालन आम्दानी** | | **१६९,८१९,४४९.८०** | **८८,९०७,४७९.२३** |
| ३.१ किसान एग्रो तर्फको बिक्री आम्दानी | १५ | २६,७६६,०७८.०० | १६,९२१,२९६.३६ |
| ३.२ किसान मार्ट तर्फको बिक्री आम्दानी | १६ | ७२,२५८,२७०.८२ | ४,८०८,२५२.८५ |
| ३.३ अन्य आम्दानी | १७ | ७०,७९५,१००.९८ | ६७,१७७,९३०.०२ |
| **कुल सञ्चालन आम्दानी** | | **४७७,५३९,८१२.०३** | **४२०,१४६,४८१.६४** |
